दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ४९ | बुटवल | २०८१ माघ ३०, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Feb. 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# १२ सय शैयाको प्रादेशिक अस्पताल : पाँच महिनामा १३ प्रतिशत काम

**प्रदेशको स्थायी राजधानी दाङ कायम भएपछि खस्केको बुटवलको व्यवसाय दिगोरुपमा चलायमान र गुल्जार बनाउन यो अस्पताल 'गेमचेन्जर' हुने बुटवलवासीले आशा गरेका छन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रादेशिक अस्पतालको १२ सय शैयाको १० तले नयाँ भवन निर्माणको काम ५ महिनामा१३ प्रतिशत भएको छ ।

६ अर्ब १८ करोड रुपैयाँ लागतमा बन्न लागेको यो अस्पताल भवन प्रदेश सरकारको पहिलो ठूलो पूर्वाधार हो । तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको पालामा प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा अघि बढाइएको अस्पताल भवनको शिलान्यास गत भदौ १५ गते भएको थियो ।

ठेक्का प्रक्रिया विवादास्पद भएपछि दुईपटक रद्द गरिएको थियो । भवन निर्माण मापदण्डको 'स्पेसिफिकेसन'मै आशंका भएपछि यसअघिका दुवै टेन्डर रद्द गरिएको थियो ।

तेस्रोपटक आह्वान भएको टेण्डर स्वीकृत भई गत पुस २६ गते ठेक्का सम्झौता भएको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा यो भवन निर्माणका लागि एक अर्ब ८० करोड बजेट विनियोजन गरेको थियो । शिलान्याश भएको पाँच महिनाको अवधिमा १३ प्रतिशत काम पूरा भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका साइट इञ्चार्ज इञ्जिनियर शंकर सुवेदीले जानकारी दिए ।

अघिल्लो वर्षको पुस २६ गते 'क्याप साइट-आशिष-रेलिगेर' जेभीसँग ठेक्का सम्झौता भई भवन निर्माणका पूर्व तयारीका कामहरु गत बैशाखदेखि नै सुरु भएको थियो । क्याप साइट भारतीय प्रतिष्ठित निर्माण कम्पनी हो । आशिष र रेलिगेर नेपाली कम्पनी हुन् ।

ठेक्का सम्झौताअनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्नेछ ।

हाल दैनिक २१० जना कामदारहरू काममा खटिएका निर्माण कम्पनीले जनाएको छ । अहिले सबभन्दा तल्लो बेसमेन्टको काम भइरहेको छ । यसका लागि रड बुन्ने, बिच्छ्याउने, पिलर उठाउने र भुइँ ढलान गर्ने कार्य भइरहेको छ । बेसमेन्टको कामसँगै लिफ्टका लागि पिलर उठाउने कार्य पनि भइरहेको छ ।

नयाँ भवनको सबभन्दा माथि हेलिप्याड हुनेछ । हेलिप्याडबाट सिधैं इमर्जेन्सी वार्डमा आउजाउ गर्न मिल्ने लिफ्ट पनि निर्माण हुनेछ ।

प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास प्राधिकरणले तयार गरेको गुरुयोजना अनुसार अस्पतालको मुख्य भवन १० तलाको हुनेछ । पाँच तलाको क्यान्सर उपचारको छुट्टै भवन हुनेछ । १० तलाको मुख्य भवनमा दुई तला अन्डरग्राउन्ड पार्किङ हुनेछ भने पाँच तलाको भवनमा एक तला अन्डरग्राउण्ड पार्किङ हुनेछ ।

दुई भवन र त्यसका उपकरण, आन्तरिक व्यवस्थापनमा सरकारले ८ अर्ब ९९ करोड ७५ लाख ६४ हजार १९९ रुपैयाँ लागत अनुमान गरेको छ । त्यसमा एक भारतीयसहित दुई नेपाली कम्पनीसँग संयुक्त रूपमा ५ वर्षभित्र काम सक्ने गरी ६ अर्ब १८ करोड रुपैयाँमा सम्झौता भएको हो ।

अस्पताल भवनको उप प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल र मुख्यमन्त्री चेतनारायण आचार्यले शिलान्यास गरेका थिए ।

नयाँ भवनको अगाडिको भागमा अत्याधुनिक बहिरंग सेवा ओपीडी, आपतकालीन उपचार, इमर्जेन्सी र इन्डोर सर्भिस कक्षसहित १२ सय बेड रहने छन् ।

साथै विशिष्टीकृत ग्यास्ट्रो, न्युरो, कार्डियोलोजीलगायतका सबै विशेषज्ञ सेवा एउटै भवनबाट उपलब्ध हुनेछन् ।

सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि १ अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ ।

**मुख्यमन्त्रीले गरे निरीक्षण**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणाधीन स्थलको अनुगमन गरेका छन् ।

मंगलबार आयोजना स्थलमा पुगेर मुख्यमन्त्री आचार्यले कामको प्रगतिबारे जानकारी लिए । 'विशेषगरी, यो प्रदेशको गौरवको आयोजना हो । प्रदेशले जुन लक्ष्य र उद्देश्य बोकेर यसलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ, यसले समग्र प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ,' मुख्यमन्त्री आचार्यले भने-'कुनै पनि अवस्थामा काममा समस्या नआओस् भन्नका लागि सरकारले विशेष ध्यान दिएको छ ।'

आयोजना स्थलको अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले काम सन्तोषजनक ढंगले अघि बढिरहेको बताए । 'यही हिसाबले काम अघि बढ्यो भने तीन वर्षभित्र भवन सम्पन्न हुनेछ भन्ने आशा जागेको छ,' मुख्यमन्त्री आचार्यले भने-'यही आर्थिक वर्षमा २८ प्रतिशतसम्म काम सम्पन्न गर्ने रिपोर्टिङ प्राप्त भएको छ । हालसम्मको कामलाई मूल्यांकन गर्दा सन्तोषजनक देखिएको छ ।'

## रुग्ण उद्योग सञ्चालनको ठोस प्रस्ताव ल्याउन आग्रह



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले रुग्ण उद्योगहरू साझेदारीको ढाँचामा पुनः सञ्चालनमा ल्याउनका लागि ठोस प्रस्ताव ल्याउन निजी क्षेत्रलाई आग्रह गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार सम्पन्न उद्योग-वाणिज्य प्रवर्द्धन संवाद परिषद्को बैठकमा प्रधानमन्त्री ओलीले सरकार र निजी क्षेत्रको साझेदारीको ढाँचामा जान सरकार तयार रहेकाले पुनः सञ्चालनका लागि ठोस प्रस्ताव भएमा यथाशीघ्र ल्याउन आग्रह गरेका हुन् ।

उनले मुलुकमा कानुनहरू सम्बन्धित क्षेत्रको सहजीकरण र आवश्यकताका लागि निर्माण र संशोधन गरिने जनाउँदै आर्थिक समृद्धिका लागि सरकार निजी क्षेत्रलाई के सहयोग गर्न आवश्यक पर्छ, त्यो गर्न तयार रहेको बताए ।

प्रधानमन्त्री ओलीले भन्सार र राजस्वमा कुनै छली र अनियमिता पाइएमा निर्ममताका साथ कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको पनि जानकारी गराए । उनले मुलुकमा पैसा भएर मात्रै विकास नहुने भएकाले पैसा आर्जनका लागि विकास गर्नुपर्ने सोचका साथ लाग्नुपर्नेमा जोड दिए ।

परिषद्का सदस्यहरूले सार्वजनिक-निजी साझेदारीमा सहलगानी तथा सहकार्य, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगवृद्धि, व्यापार घाटा कम गर्ने, अध्यादेशहरूको कार्यान्वयन, निर्माण व्यवसाय र आयोजना छिटो सम्पन्न गर्ने विषयमा आफ्ना राय-सुझाव दिएका थिए ।

सार्वजनिक-निजी क्षेत्रबिच नियमित संवाद गरी आर्थिक विकासमा सहयोग पुऱ्याउन ५ असोज २०७५ को मन्त्रिपरिषद् निर्णय बमोजिम जारी भएको गठन आदेशका आधारमा उक्त परिषद् सञ्चालनमा आएको हो ।

परिषद्को सदस्यमा नेपाल उद्योग वाणिज्य महासंघलगायत राष्ट्रिय संस्था र व्यावसायिक प्रतिनिधिलाई प्रधानमन्त्रीले हालै मनोनयन गरेपछि परिषद्को बैठक भएको हो ।

बैठकमा सरकारका तर्फबाट भएका आर्थिक एवं प्रशासनिक सुधारका प्रयास, अध्यादेशमार्फत् २९ कानुनमा गरिएको संशोधन र त्यसका सकारात्मक प्रभाव, विकास निर्माणमा भएका प्रगति, स्टार्ट अप र व्यापार सहजीकरणका लागि गरिएका पहलबारे अवगत गराइएको थियो ।

## '७५३ पालिकालाई घटाएर ५०१ बनाऔं'



बुटवल । नेकपा एमालेका सांसद बासुदेव घिमिरेले स्थानीय तहको पुनःसंरचना आवश्यक भएको बताएका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकको विशेष समयमा बोल्दै सांसद यादवले संघीय संरचना पुनःसंरचना आवश्यक रहेको बताएका हुन् ।

उनले हाल रहेका ७५३ स्थानीय तहले राज्यलाई ठूलो आथिक भार परेको बताए ।

आगामी निर्वाचनसम्म ५०१ स्थानीय तहको प्रस्ताव कार्यान्वयन गर्न सके वार्षिक ३० अर्बसम्म व्ययभार कटौती गर्न सकिने उनको दावी छ । संघीय संरचनालाई थप प्रभावकारी र आर्थिक रुपमा व्यवहारिक बनाउन स्थानीय तहको पुनःसंरचना आवश्यक रहेको तर्क गरेका हुन् ।

हालको अवस्थामा कुल ७५३ स्थानीय तहहरू रहेको भन्दै यसले राज्यलाई ठूलो आथिक भार परेको उनले बताए ।

प्रस्तावित संरचनाअनुसार महानगरपालिकाको संख्या १०, उपमहानगरपालिकाको १५, नगरपालिका २२५, गाउँपालिका २५१ गरी ५०१ वटाको संरचना निर्माण गर्न जरुरी रहेको बताए ।

उनले हालको संघीय संरचनाभित्रै रहेर यो परिवर्तन सम्भव रहेको पनि बताए ।

## तिलोत्तमाका गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे



तिलोत्तमा । तिलोत्तमा नगरपालिकाले नगरभित्रका गर्भवती महिलालाई निःशुल्क भिडियो एक्स-रे सेवा सुरु गरेको छ । नगरपालिकाको वडा नं. ६ स्थित आनन्दवन स्वास्थ्यचौकी र वडा नं. १०को सेमराबजार स्वास्थ्यचौकीबाट नगरका १७ वटै वडाका गर्भवतीलाई निःशुल्क भिडियो एक्स-रे सेवा दिन शुरु गरेको हो ।

मंगलबार आनन्दवन स्वास्थ्यचौकीमा एक समारोहबीच नगरप्रमुख रामकृष्ण खाँण र उप-प्रमुख जगेश्वरदेवी चौधरीले निःशुल्क भिडियो एक्स-रे सेवाको उद्घाटन गरे । नगरप्रमुख खाँणले निःशुल्क भिडियो एक्स-रे सेवाले विशेषगरी आर्थिकरुपमा विपन्न परिवारका गर्भवतीलाई राहत मिल्ने बताए । नगरलाई लैंगिकमैत्री बनाउने गरी अघि बढेको सन्दर्भमा निःशुल्क भिडियो एक्सरे सेवाले थप टेवा पुग्ने उनले बताए ।

उपप्रमुख चौधरीले रकम अभावमा विपन्न परिवारका गर्भवतीले भिडियो एक्स-रे नै नगरी बच्चा जन्माउने गर्दा आमा र बच्चाको स्वास्थ्य जोखिममा परेकोमा अब जोखिम कम हुने बताइन् ।

तिलोत्तमा-६ का वडाध्यक्ष गणेश पाठकले आफ्नै पहलमा दुई वर्ष अघिबाटै सशुल्क भिडियो एक्सरे सेवा शुरु गरेको र अहिले संघीय स्वास्थ्य मन्त्रालयबाट १७ लाख रुपैयाँ मूल्यको पोर्टेबल अत्याधुनिक मेशिन प्राप्त भएपछि निःशुल्क भिडियो एक्सरे सेवा समावेश गरेको बताए ।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ज्ञानप्रसाद पौडेलले विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार गर्भवती महिलाले ४ पटक भिडियो एक्सरे गरी आमा र बच्चाको स्वास्थ्य अवस्था जानकारी लिनुपर्ने भएकाले यो सेवाले बाल तथा मातृ मृत्यु दर कम हुने बताए । भिडियो एक्सरे गर्ने मेशिन पोर्टेबल भएकाले १७ वटै वडामा घुम्ती शिविर चलाएर समेत गर्भवतीलाई सेवा दिने तयारी रहेको उनले जनाए ।

लुम्बिनी प्रदेशमा प्रति एक लाख जना गर्भवतीमा २०७ जना आमाको मृत्यु हुने गरेको सरकारी तथ्यांक छ । स्वास्थ्य चौकीका इञ्चार्ज रामप्रसाद चुँदालीले देवदह मेडिकल कलेजकी रेडियोलोजिस्ट सुम्निमा आचार्यले गर्भवतीको भिडियो एक्सरे गर्ने गरी करार सम्झौता गरिएको जानकारी दिए ।



# सम्पादकीय

## सुशासनका लागि मुलुकले चाल्नुपर्ने कदम

ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल १०७औं स्थानमा रहेको छ । यो तथ्याङ्कले एक स्थान माथि उक्लिएको पाइए पनि समग्रमा भ्रष्टाचार बढेको देखिएको छ ।

सूचकाङ्कमा समेटिएका १८० देशमध्ये सन २०२४ मा नेपाल भ्रष्टाचार हुने मुलुकको १०७औं स्थानमा परेको छ । यो गत वर्षभन्दा एक स्थानको सुधार हो । सन २०२३ मा १०८औं स्थानमा रहेको नेपाल यस पटक १०७औं स्थानमा उक्लँदा सुधार भए जस्तो देखिए पनि कुल अंकमा गत वर्षभन्दा एक स्थान खस्किएकोले समग्रमा सुधार मान्न सकिन्न । प्राप्त तथ्याङ्क विश्लेषण गर्दा अरुको कमजोर अवस्थाले एक स्थान बढेको हो । अरु झनै कमजोर हुँदा नेपालको स्थान माथि उक्लिएकोले समग्रतामा सुधार मान्न सकिन्न ।

नेपालको संविधान, २०७२ जारी भएसँगै देशमा संघीय शासन व्यवस्था लागू भएको छ । तहगत सरकार क्रियाशिल छन् । संघीयतापछि देशमा व्याप्त बेथिति र विसंगति नियन्त्रण हुने तथा मुलुक लयमा जाने आशा थियो । तर संविधान जारी भएको दशक बित्न लाग्दा मुलुकमा बेथितिका चाङ र अवसरको संकुचन हुँदै जाँदा नागरिकमा निराशा बढेको छ ।

सूचकांकमा १०० अंकले अति स्वच्छ र शून्य अंकले अति भ्रष्ट जनाउँछ । त्यसमा पनि ५० अंकभन्दा कम प्राप्त गर्ने मुलुकलाई भ्रष्ट र १८० मुलुकको औसत अंक ४३ भन्दा कम प्राप्त गर्ने मुलुकलाई अति भ्रष्ट मुलुक मानिन्छ । यसअनुसार ३४ अंक मात्र प्राप्त गरेको नेपाल अति भ्रष्ट मुलुकमा परेको छ । विगत १० वर्षको सूचकांक हेर्दा नेपाल ३५ अंकभन्दा माथि उक्लिन सकेको छैन । यो तथ्याङ्कले मुलुकमा भ्रष्टाचार डरलाग्दो ढंगले मौलाएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि ऐन कानुन निर्माण गरेर मात्रै हुँदैन । शासन प्रणालीमा रहेका व्यक्ति इमान्दार हुनुपर्छ । तहगत सरकारमा स्रोत छरिदा समेत भ्रष्टाचार नियन्त्रण चुनौती बनेको छ । स्रोत छरिदा सुशासनमा निम्तिने जोखिमलाई हेक्का नराख्दा समेत समस्या भएको हो । भ्रष्टाचार नियन्त्रण गर्न राजनैतिक नेतृत्व मात्रै इमान्दार भएर हुँदैन । कर्मचारी संयन्त्रमा मौलाउँदो अपारदर्शी क्रियाकलापले पनि शासन प्रणालीलाई बदनाम बनाएको छ ।

अब पनि नेपालको यो गतिमा सुधार नहुने हो भने व्यवस्थामाथि नै प्रश्न आउन सक्छ । शासन प्रणालीलाई कानुन निर्माण र कानुनको कार्यान्वयन गर्दा इमान्दार प्रयत्नले मात्रै संभव हुने हो । सुधार गर्न संभव छ, प्रयत्न गरौं ।

# दैनिक स्याउ खाँदा शरीरलाई यस्ता फाइदा



तपाईं नियमित स्याउ खानुहुन्छ ? खानुहुन्न भने आजैदेखि खान सुरु गर्नुस् । किनकि दैनिक एउटा या दुईटा स्याउ खानेलाई मुटुको रोग लाग्ने सम्भावना कम हुने एक अनुसन्धानबाट पुष्टि भएको छ ।

अंग्रेजीमा उखानै छ- एन एपल अ डे किप्स डक्टर अवे अर्थात् दिनमा एउटा स्याउ खानुभयो भने तपाईं बिरामी भएर डाक्टरकोमा जानुपर्दैन ।

दैनिक स्याउ खानेको शरीरमा कोलेस्ट्रोलको मात्रा कम हुन्छ । त्यतिमात्र होइन, स्याउ खाँदा रगतमा सुगरको मात्रा सन्तुलनमा हुने, अरुचि नहुने र फोक्सो स्वस्थ हुनेजस्ता फाइदा हुन्छन् । नियमित स्याउ खानेलाई क्यान्सर हुने सम्भावना पनि कम हुन्छ । अनुसन्धानका क्रममा १ सय ६० जना महिलालाई एक वर्षसम्म दिनहुँ ड्राइड् (सुकाएको) स्याउ र ड्राइड् आलुबखडा खान लगाइएको थियो ।

यसबाट उनीहरूको स्वास्थ्यमा परेको प्रभाव मापन गर्न तीन, छ र १२ महिनामा उनीहरूको रगत परीक्षण गरिएको थियो । रगत परिक्षण गर्दा स्याउ खाने महिलाको शरीरमा कोलेस्ट्रोलको मात्रा १४ प्रतिशतले कम भएको थियो । साथै, उनीहरूको वजन करिब साढे एक किलो कम भएको थियो। अनुसन्धानमा संलग्न डा. बाहरम एच अर्जमान्दीका अनुसार आलुबखडा खाने महिलाका स्वास्थ्यमा पनि केही प्रगति देखिएको थियो, तर स्याउ खानेका भन्दा कम ।

**जान्नुहोस् अरु फाइदाः**

**सेतो र स्वस्थ दाँत :**

स्याउ चपाँउदा र टोक्दा निस्कने रयालले दाँत सड्नबाट बचाउनुको साथै ब्याक्टेरियाको संख्या घटाउछ ।

**एल्जाइमर हुन दिदैन :**

स्याउले मस्तिस्कलाई बुढो हुन दिदैन र हरदम स्वस्थ र तन्दुरुस्त राख्छ ।

**डायबीटीज हुन दिदैन :**

हरेक दिन एक दाना स्याउ खाने मानिसमा टाइप २ डायबीटीज हुने सम्भावना २८ प्रतिशतले कम हुन्छ ।

**कोलेस्टेरोल घटाउँछ :**

स्याउमा पाइने घुलनसिल फाइबर आन्द्राको चिल्लो पदार्थसंग बाधिन्छ र शरीरमा कोलेस्टेटोलको मात्रा कम हुन्छ ।

**स्वस्थ मुटु :**

स्याउमा पाइने फाइबरले धमनीका भित्ताहरुमा कोलेस्टेरोल जम्न नदिइ रक्तसञ्चारलाई स्वस्थ बनाई राख्छ ।

**पित्तथैलीको पत्थरी :**

पित्तथैलीमा भएको पित्तमा कोलेस्टेरोलको मात्रा बढी भएमा त्यो जम्न गई पत्थरी हुन्छ । स्याउ खाँदा त्यसमा भएको फाइबरले कोलेस्टेरोलको मात्रा घटाई पित्तथैलीको पत्थरी हुन दिँदैन ।

**झाडा पखला तथा कब्जियत :**

स्याउमा भएको फाइबरले झाडा पखलाको बेला धेरै पानी सोसी झाडा पखला नियन्त्रण गर्छ। त्यसैगरी कब्जियत भएको बेला त्यहि फाइबरले कोलनबाट पानी तानी कब्जियत निको पार्न मद्दत गर्छ ।

**तौल नियन्त्रण :**

धेरै नसर्ने रोगहरु जस्तै मुटुरोग उच्चरक्तचाप मधुमेह आदि शरीरको तौलसंग सम्वन्धीत हुन्छ । स्याउमा पाइने धेरै फाइबर र कम क्यालोरीले शरीरको तौल नियन्त्रण गर्न मद्दत गर्छ ।

**कलेजोको शुद्धिकरण :**

शरीरमा छिर्ने खानामा धेरै विषालु पदार्थहरु रहेका हुन्छन् । त्यसलाई शरीरको रक्तसञ्चार प्रक्रियासम्म पुग्नबाट रोक्ने काम कलेजोले गर्छ । जसले गर्दा कलेजोमा विषालु पदार्थ भरिएको हुन्छ । स्याउ एक त्यस्तो फल हो जसले कलेजोलाई शुद्ध र सफा गर्न मद्दत गर्छ ।

**रोगप्रतिरोधात्मक क्षमता :**

स्याउमा पाइने क्यूएरसेटिन नामक एन्टी अक्सिडेन्टले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।

स्वास्थ्यबाट

# नेप्से परिसूचक ६ दशमलव ५४ अङ्कले बढ्यो



काठमाडौं । पछिल्ला पाँच कारोबार दिन निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार भने सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक छ दशमलव ५४ अङ्कले बढेर दुई हजार ६८३ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

२९९ कम्पनीका एक करोड ३९ लाख ६८ हजार दुई सय ५८ कित्ता शेयर ७२ हजार ९४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब २४ करोड ६२ लाख २१ हजार २६० बराबरको कारोबार भएको छ ।

विकास बैङ्क समूह दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ५७, लगानी शून्य दशमलव ४८, उत्पादन तथा प्रशोधन शून्य दशमलव शून्य एक र म्युचुअल फन्ड शून्य दशमलव ५२ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव २०, वित्त शून्य दशमलव २९, होटल तथा पर्यटन शून्य दशमलव ४७, जीवन बिमा शून्य दशमलव शून्य आठ, लघुवित्त शून्य दशमलव शून्य चार, निर्जीवन बिमा शून्य दशमलव ४३, व्यापार एक दशमलव शून्य पाँच र अन्य समूह शून्य दशमलव शून्य एक प्रतिशतले घटेको छ ।

सिक्लेस हाइड्रोपावर लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सिइडिबी होल्डिङ्स लिमिटेडको रु ३६ करोड ८१ लाख ८२ हजार ८९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने एनआइसी एसिया ग्रोथ फन्डको सबैभन्दा धेरै सात लाख १२ हजार १०० कित्ता शेयर किनबेच भएको छ ।


विनयी त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

रुखहरु कटान तथा संकलन कार्यको शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/३०

नेपाल सरकार, मन्त्रिपरिषद्को म.प.वै.सं. २०/०८१ मिति २०८१/०४/१० को बैठकबाट निर्णय भए बमोजिम वन तथा भू संरक्षण विभागको मिति २०८१/०९/०८ को विभागीय निर्णयानुसार वन तथा भू संरक्षण विभाग ववरमहल र विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) बीच मिति २०८१/०९/०८ सम्झौता अनुसार र विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दुम्कीबास, नवलपरासी (ब.सु.पू.) लाई प्रशासनिक भवन निर्माणको लागि उपलब्ध भएको निवयी त्रिवेणी गा.पा.को वडा नं. २ मा रहेको घिउखोला सामुदायिक वनका विभिन्न जातका ४५ वटा रुख/पोल बिरुवा कटान, मुछान, ढुवानी तथा घाटगद्दी गर्ने कार्यको लागि डिभिजन वन कार्यालय नवलपुर र यस गाउँपालिका वीच मिति २०८१/१०/२८ गते भएको करारनामाको शर्त र अधिनमा रही देहायका वन खण्डका रुख/पोलहरु कटान मुछान गरी सोबाट निस्केका काठ दाउरा घाटगद्दी गर्न रुख संख्या४५ को परिमाण काठ ६३१.७३घ. फिट र दाउरा २.७२ चट्टा संकलन, ढुवानी, नम्बरिङ्ग घाटगद्धि तथा पाईलिङ गर्नका लागि यस जिल्लाको स्वीकृत जिल्ला दररेटमा घटाघटमा गोप्य शिलबन्दी खरिद प्रकृयाद्वारा संकलन गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। काठको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (दिने) दिन भित्रमा शिलबन्दी दरभाउ पत्र खरीद गरी ६ औं दिनमा दिनको १२:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही यस विनयी त्रिवेणी गाउँपालिकामा शिलबन्दी दरभाउ पत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिलः**

**रुख कटान, मुछान, नम्बरिङ्ग, ढुवानी, घाटगद्धी तथा पाईलिङ सम्बन्धि कामको विवरण** (काठ घ. फिट र दाउरा चट्टा):

| सि.नं. | प्लटको नाम (वन/बस्ती खण्ड) | चारकिल्ला | भोगाधिकार प्राप्त क्षेत्रफल (रोपनी) | रुख र पोलको काठ दाउरा मूल्यांकन विवरण | | | छपान टाँचा र रङ | घाटगद्धी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा संख्या | जम्मा काठ (घ.फि.) | जम्मा दाउरा (चट्टा) | | | |
| १ | घिउखोला खण्ड, विनयी त्रिवेणी गा.पा. २ | पूर्वःघिउ खोला सा.व.उ.स. /खोल्सी पश्चिम : घिउखोला सा.व.उ.स./रामजानकी मन्दिर उत्तरःघिउखा लासा. व.उ.स. दक्षिणः पूर्व पश्चिम राजमार्ग | ६ रोपनी ( ३०५२वर्ग मिटर) | ४५ | ६३१.७३ | २.७२ | बबि १८२ का, निलो | श्री घिउखोला सा.व.उ.स., विनयी त्रिवेणी गा.पा. २ को घाटगद्दी स्थान | |

**शर्तहरुः**

१. शिलबन्दी दरभाउ पत्र खरीद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले शिलबन्दी दरभाउ पत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र काठ/दाउराको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२. खरीद फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणप त्रको प्रमाणित प्रतिलिपि शिलबन्दी दरभाउ पत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८मा रु. १००० नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो शिलबन्दी दरभाउ पत्रहरु रितपूर्वक भरी सिलबन्दी गरेर मिति २०८१/११/०८ गते दिनको १२:०० वजे भित्र खरिद गरिविनयी त्रिबेणी गाउँपालिकामा दाखिला गर्न सकिने छ। शिलबन्दी दरभाउ पत्रविक्री गर्ने, दाखिला गर्ने अन्तिम दिन र शिलबन्दी दरभाउ पत्र खोल्ने दिनमा विदा परेमा सो को भोलिपल्ट शिलबन्दी दरभाउ पत्र, दाखिला र खोल्ने कार्य हुने छ ।

३. शिलबन्दी दरभाउ पत्र सिलबन्दी गरी पेश गर्नुपर्ने छ। सिलबन्दी गरी पेश नगरेमा अमान्य हुने र त्यस्तो वोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

४. शिलबन्दी दरभाउ पत्रको मूल्यांकन गर्दा काठ/दाउरा संकलनका लागि न्यूनतम कबोल अंकलाई आधार मानिने छ ।

५. जसको नाममा विक्री भएको शिलबन्दी दरभाउ पत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नुपर्ने छ ।

६. उल्लिखित काठको संकलन मा भाग लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (एब्ल) दर्ता प्रमाणपत्रको प्रतिलिपी र काठको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी शिलबन्दी दरभाउ पत्रसाथ पेश गर्नुपर्ने छ ।

७. काठ/दाउराको संकलन ठेक्काको हकमा शिलबन्दी दरभाउ पत्रको साथमा कबोल गरेको ठेक्का रकमको १०% ले हुन आउने धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट समावेश हुनुपर्ने छ ।

८. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ संशोधन सहित र प्रचलित नियमानुसार हुनेछ ।

९. काठ संकलनको लागि ठेक्का स्वीकृती भएपछी ठेकेदार र यस कार्यालय वीच कटान गर्ने (गिण्डा पार्ने), मुछान, नम्बरिङ्ग, ढुवानी, घाटगद्धी तथा पाईलिङ्ग गर्ने विषयमा सम्झौता अनुसार (करारनामा) गर्नु पर्ने छ। सम्झौता पश्चात यस कार्यालयबाट वन प्रवेश ईजाजत प्राप्त गरेपछी तोकिएको प्लटमा गई कटान मुछान कार्य सुरु गर्न सकिने छ ।

१०. संकलन गर्ने काठ/दाउराको उल्लिखित अनुमानित परिमाणमा घटबढ हुन सक्ने र घटबढ भएमा सोही अनुसार प्रति ईकाइ सकार मूल्यको आधारमा रकम भुक्तानी गरिने छ ।

११. ठेकेदारले सुरुमा आफ्नै खर्च लगाई काठ/दाउरा संकलन गर्नु पर्ने छ र पहिलो पन्ध्र रोजाको प्रगतिको आधारमा सम्भव भएमा मात्र केही रकम उपलब्ध गराउन सक्ने छ। काठ/दाउरा संकलन भए पश्चात सम्बन्धित सब डिभिजन वन कार्यालयको वन प्राविधिकले प्रमाणित गरेको चलान र घाटगद्धी आम्दानीको आधारमा ठेकेदारलाई बढीमा तीन किस्तामा रकम भुक्तानी गरिने छ । प्लटको अन्तिम जाँच नभई अन्तिम बिल भुक्तानी गरिने छैन ।

१२. सब डिभिजन वन कार्यालयका वन प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्धीको काम गर्नु गराउनु पर्ने छ ।

१३. लगत बमोजिम छपान भएका रुखहरु मात्र कटान, मुछान, बुवानी गर्नु पर्ने छ। छपान नभएका रुख, बोट विरुवा एवं वन्यजन्तुको हानी नोक्सानी भएमा प्रचलित कानुन बमोजिम कारबाही हुने छ ।

१४. काठ/दाउराको संकलन सम्बन्धि सम्पूर्ण कार्य वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ र प्रचलित कानुनको अधिनमा रही गर्नु पर्ने छ ।

१५. शिलबन्दी दरभाउ पत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१६. शिलबन्दी दरभाउ पत्रमा र सो सम्बन्धि कागजातमा शिलबन्दी दरभाउ पत्रदाता वा फर्मको सहीछाप भई नआएमा सो बोक्रपत्र अमान्य हुने छ ।

१७. शिलबन्दी दरभाउ पत्र खोलिने मिति समय र स्थान एक फर्म वा संस्थाको नाममा खरिद गरिएको शिलबन्दी दरभाउ पत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक पर्न आएका शिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/११/०८ गते १:००बजे पछिविभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछासाथै शिलबन्दी दरभाउ पत्रदाता वा निजको प्रतिनिधि शिलबन्दी दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

१८. सम्बन्धित कार्यालयहरुबाट विक्री नभएको शिलबन्दी दरभाउ पत्र दाखिला भएमा वा बेचिएको शिलबन्दी दरभाउ पत्रको फोटोकपी दाखिला गरेमा सो शिलबन्दी दरभाउ पत्र अमान्य हुनेछ ।

१९. म्याद नाघी वा रित नपुगी पेश हुन आएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही गरीने छैन ।

२०. शिलबन्दी दरभाउ पत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लिखित शर्तहरु उल्लंङ्घनभएमा शिलबन्दी दरभाउ पत्र अमान्य हुने छ ।

२१. शिलबन्दी दरभाउ पत्र सदर वा बदर गर्ने अधिकार, गाउँपालिकामा निहित रहने छ ।

२२. उपर्युक्त सूचना सम्बन्धमा कुनैकुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्ने छ ।

२३. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम विक्री कार्यबिधि निर्देशिका अनुसार हुने छ । साथै धरौटी रकम फिर्ता लिन कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

# सेवाग्राही नहुँदा पन्ध्र हजार परिचयपत्र थन्कियो

बागलुङ । सेवाग्राही परिचयपत्र लिन नआएपछि जिल्ला प्रशासन कार्यालय बागलुङमा १५ हजार आठ सय ३८ राष्ट्रिय परिचयपत्र थन्किएका छन् । राष्ट्रिय परिचयपत्रको फारम भरेर अधिकांश व्यक्ति विदेशिएका कारण परिचयपत्र लिन नआएको कार्यालयका प्रशासन शाखा प्रमुख रामप्रसाद उपाध्यायले जानकारी दिए । उनले नयाँ परिचयपत्रका लागि दैनिक दुई सयसम्म सेवाग्राही आउने भए पनि तयारी अवस्थामा रहेका परिचयपत्र लिन भने न्यूनमात्र आउने गरेको बताए । दैनिक २० देखि ५० जना सेवाग्राही मात्र परिचयपत्र लिन आउने गरेकाले थुप्रो लागेको हो ।

अहिले वडा तहमा राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलनको काम भइरहेको छ । जिल्ला प्रशासनमा अहिलेसम्म २८ हजार आठ सय ८५ राष्ट्रिय परिचयपत्र तयार भएर आइसकेको शाखा अधिकृत उपाध्यायले बताए । तीमध्ये जम्मा १३ हजार ४७ परिचयपत्र मात्र सेवाग्राहीले लगेका छन्भने १५ हजार आठ सय ३८ परिचयपत्र प्रशासनमै रहेको उनले जानकारी दिए ।

परिचयपत्र लिनका लागि स्वयं व्यक्ति नै आउनुपर्ने र पुनः बायोमेट्रिक गर्नुपर्ने भएकाले परिचयपत्र वितरणको संख्या न्यून भएको हो । परिचयपत्र वितरणका लागि गलकोट नगरपालिकामा शिविर गर्ने तयारी जिल्ला प्रशासन कार्यालय बागलुङको रहेको छ । परिचयपत्र चाङ लाग्दा भण्डारणमा समस्या भएको जनाइएको छ ।

र ा ि ष ट ् य परिचयपत्रविरुद्धको सर्वोच्चको रिट खारेजीको निर्णयपछि सरकारले तोकेका हरेक कामका लागि अब राष्ट्रिय परिचयपत्र अनिवार्य भएको छ । नेपाली नागरिकता प्रमाणपत्रको कमीकमजोरी हटाउन तथा मुलुकको सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाउन अन्तर्राष्ट्रिय मापदण्डको डिजिटल कार्डका रूपमा प्रयोग गर्न सकिने राष्ट्रिय परिचयपत्रमा बाहकको १० औठाछाप अङ्कित व्यक्तिको पहिचान समेटिन्छ ।

चिपसहितको कार्डमा प्रिन्ट हुने यसमा वैयक्तिक र जैविक विवरण समेटिने छ । एउटै डिजिटल कार्डमा नागरिकका सबैखाले विवरण समावेश गरिने भएकाले नागरिकता, लाइसेन्स, फोटोसहितको मतदाता परिचयपत्र र जग्गाधनी पुर्जाजस्ता सामग्री बोकेर हिँड्ने झन्झट हुँदैन । राष्ट्रिय परिचयपत्रमा व्यक्तिको जन्मदेखि मृत्युसम्म दर्ता हुने व्यक्तिगत घटनाको विवरण पनि समावेश हुन्छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार कुनै पनि व्यक्तिको जन्मदेखि नै राष्ट्रिय परिचयपत्रलाई अनलाइन सिष्टममा लगेर व्यवस्थित गरिने छ ।


## माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.

**तिलोत्तमा–१४, टिकुलीगढ, रुपन्देही**

यस माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.को मिति २०८१ साल भाद्र २३ गते प्रकाशित मूल्य सूची सम्वन्धी सूचनामा ७० यू.पिं Hajari ब्राण्डको RD मूल्य १२२५। हुनुपर्नेमा भूलबश १२४५। हुन गएको र RD Comm.२५। हुनु पर्नेमा १५ । हुन गएकोले सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।


## लुम्बिनी प्रदेश सरकार
## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन भएको मितिः २०८१/१०/३०)**

लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम' सञ्चालनार्थ 'नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' बमोजिम तोकिएका मापदण्ड पुगेका (दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु) कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संघ/संस्थाहरुले मिति २०८१/११/१४ गते भित्र सम्बन्धित जिल्लास्थित कार्यालय (कृषि ज्ञान केन्द्र/भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)मा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको ढाँचामा शिलबन्दी प्रस्ताव(व्यावसायिक योजना) र कार्यविधिको अनुसूची-१ मा उल्लिखित प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु संलग्न गरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । उल्लिखित कार्यविधि तथा आवश्यक ढाँचाहरु मन्त्रालयको वेवसाइट 'molmac.lumbini.gov.np' बाट डाउनलोड गर्न सकिनेछ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराइन्छ ।

# कुखुरापालनबाट मासिक पाँच लाख बचत

गलकोट (बागलुङ) । बागलुङका सुरथ सुवेदी व्यावसायिक कुखुरापालनमा १८ वर्षदेखि लाग्दै आएका छन् ।

जिल्लाको बागलुङ नगरपालिका-६ मा घर भई हाल वडा नं. १३ को भाटेखोलामा धौलागिरि कृषि दाना एण्ड पोल्ट्री फार्म सञ्चालन गर्दै आएका सुवेदीको व्यावसायिक कुखुरापालनबाट मासिक रु पाँच लाख बचत गर्दै आएका छन् ।

एकाउन्न वर्षीय सुवेदीले १८ वर्षमा थुप्रै असफलता व्यहोर्दै सफलतामा पुगेको बताए ।

अहिले उनको कुखुरा फार्ममा पाँच हजार पाँच सय कुखुरा छन् । सरदरमा दैनिक पाँच हजार अण्डा बजारमा बिक्रीका लागि जाने सुवेदीले जानकारी दिए । "धेरै पटक असफलता व्यहोर्नु पर्‍यो, त्यही असफलताबाट पाठ सिकेर अघि बढ्दा सफलता पाइदोरहेछ", उनले भने-"हार मानेको भए, अहिले व्यवसाय छाडिसकेको हुन्थेँ, निरन्तरको प्रयासले यहाँसम्म ल्याएको छ । अहिले मासिक रु पाँच लाख बचत हुन्छ, गत वर्ष कुखुराले अण्डा नदिँदाको घाटा अहिले पूरा गर्दैछु ।"

उनले विसं २०६३ मा चितवन गएर सुरुमा बोइलर जातको कुखुरा पाल्न थाले पनि पछिल्लो १० वर्षयता लियर्स जातको कुखुरा पाल्दै आएका छन् । चितवनमा निरन्तर सफलता हाँसिल गर्दै गए पनि १३ हजार कुखुरा बर्डफ्लुका कारण मरेपछि फर्केर बागलुङ आएको सुवेदीले बताए ।

"मनग्ये आम्दानी कमाई भइरहेको थियो, तर एकैपटक बर्डफ्लु आएपछि सबै घाटामा गयो, त्यसले निराश भएर बागलुङ फर्के, त्यसयता राम्रो भइरहेको थियो, गत वर्ष कुखुराका चल्लाले अण्डा नदिएपछि रु ६० लाख घाटा पर्‍यो । अहिले राम्रो छ, पोहोरको घाटालाई अहिलेको नाफाले सघाएको छ ।"-उनले भने । लामो समय हुर्काएका कुखुराले अण्डा नदिँदा घाटा भएको उनको भनाइ छ ।

विसं २०७० मा पाँच जनाको समूहले भाटेखोलामा लेयर्सजातको कुखुरा पाल्न थाले पनि अहिले आफ्नो निजी फार्म सञ्चालन गरेको सुवेदीले बताए । उनका अनुसार उक्त फार्ममा अहिलेसम्म रु ६० लाख लगानी भइसकेको छ । कृषिमा उल्लेख्य नतिजा प्राप्त गर्न प्राविधिक ज्ञानसमेत हुन आवश्यक रहेको उनले उल्लेख गरे ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**

## Local Infrastructure Development Project Office
**Butwal**

# Invitation of Bids

Date of Publication: 12th February, 2025

Local Infrastructure Development Project Office, ButwalRupandehi invites electronic bids only from eligible bidders for the construction of below mentioned works.

| Description of Works | Contract ID | Estimated Amount with VAT and PS (NRs) | Bid Security NRs. | Bid Fee NRs. |
|---|---|---|---|---|
| Fabrication, Supply, Transportation, Construction and Erection of PakhapaniLampakha Trail Bridge, Sisne-01, Rukum EastThrough Construction Turnkey Packages (CTP) | Lidpo/Lumbini/NCB/W/TB/081_82/167 | Single Stage Double Envelope | 870000.00 | 5,000.00 |
| Fabrication, Supply, Transportation, Construction and Erection of Trail bridge connecting Malika RM-8 Bajhyatari and Madane RM-3 Takura, GulmiThrough Construction Turnkey Packages (CTP) | Lidpo/Lumbini/NCB/W/TB/081_82/168 | Single Stage Double Envelope | 280000.00 | 5,000.00 |
| Fabrication, Supply, Transportation, Construction and Erection of FalateBhatkuwa Trail Bridge, Rurukshetra RM-1 and 3, GulmiThrough Construction Turnkey Packages (CTP) | Lidpo/Lumbini/NCB/W/TB/081_82/169 | Single Stage Double Envelope | 1947000.00 | 5,000.00 |
| Construction of Motorable bridge connecting IsmaMaidanKotkateriSamundretham, Isma-4 and Musikot 1,Gulmi | Lidpo/Lumbini/NCB/W/MB/081_82/170 | Single Stage Double Envelope | 842000.00 | 5,000.00 |
| construction of Motorable Bridge at PanahaKhola of Simaghat-gope road Section, ResungaMun, Gulmi | Lidpo/Lumbini/NCB/W/MB/081_82/171 | Single Stage Double Envelope | 1370000.00 | 5,000.00 |
| Construction of Motorable bridge connecting Mainabagar and Manakamanatole sector 1 and 2, Butwal SMPC, rupandehi | Lidpo/Lumbini/NCB/W/MB/081_82/172 | Single Stage Double Envelope | 575000.00 | 5,000.00 |
| construction of Motorable bridge of PathkyuliKhola, Dang | Lidpo/Lumbini/NCB/W/MB/081_82/173 | Single Stage Double Envelope | 1025000.00 | 5,000.00 |
| construction of Motorable bridge of BhaisewarKhola, Dang | Lidpo/Lumbini/NCB/W/MB/081_82/174 | Single Stage Double Envelope | 1100000.00 | 5,000.00 |

**Name of Public Entity: Local Infrastructure Development Project Office(LIDPO)**
**Bid Validity Period: 90 days after bid opening**
**Bid Security Validity Period: 30 days beyond the validity period of the bid**
Bidders may get further detail information about the bid on PPMO's website www.bolpatra.gov.np/egp or dial at 071-445419.

## Vision Lumbini Urja Company Limited
**Butwal 06 Rupandehi**
**As at Poush 29, 2081 (January 13, 2025)**

Amount in NPR

### Unaudited Statement of Financial Position

| PARTICULARS | As on Poush 29, 2081 | As on first Quarter Ashwin end 2081 | As on Previous Second Quarter end Poush 2080 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON CURRENT ASSETS** | | | |
| Property, Plant & Equipment | 25,559,918 | 180,294,107 | 181,394,878 |
| ROU Asset | 14,778,069 | - | 30,272,507 |
| Intangible Assets | 6,692,347,412 | - | - |
| Intangible Assets Under Development | - | 6,356,425,197 | 5,400,959,512 |
| **CURRENT ASSETS** | | | |
| Financial Assets | 105,255,163 | 2,182,640 | 25,925,960 |
| Other Current Assets | 177,209,310 | 296,738,814 | 471,227,755 |
| Cash and Cash Equivalents | 10,252,720 | 4,441,844 | 17,341,366 |
| Current Tax Assets | 3,903,652 | 678,356 | 673,173 |
| **TOTAL ASSETS** | **7,029,306,243** | **6,840,760,958** | **6,127,795,151** |
| **EQUITY & LIABILITIES** | | | |
| **EQUITY** | | | |
| Share Capital | 1,912,500,000 | 1,912,500,000 | 1,912,500,000 |
| Retained Earning | 722,065,445 | 684,531,602 | 679,903,280 |
| **NON CURRENT LIABILITIES** | | | |
| Financial Liabilities | 4,032,017,107 | 3,969,183,442 | 3,326,791,812 |
| **CURRENT LIABILITIES** | | | |
| Financial Liabilities | 351,247,418 | 270,943,269 | 203,343,427 |
| Other Current Liabilities | 11,476,273 | 3,602,645 | 5,256,632 |
| **TOTAL EQUITY & LIABILITIES** | **7,029,306,243** | **6,840,760,958** | **6,127,795,151** |

### Unaudited Statement of Profit & Loss
As at Poush 29, 2081 (January 13, 2025)

| PARTICULARS | As on Poush End 2081 | As on first Quarter Ashwin end 2081 | As on Previous Second Quarter end Poush 2080 |
|---|---|---|---|
| Revenue From Sale of Electricity | 112,682,623 | - | - |
| Less: Cost of Goods sold | 4,753,652 | - | - |
| **Gross Profit** | **107,928,970.74** | - | - |
| Construction revenue as per IFRIC 12 | 426,422,326 | 232,107,993 | 594,692,640 |
| Less: Construction expenses as per IFRIC 12 | 402,285,214 | 218,969,805 | 516,243,586 |
| **Income as per IFRIC 12** | **24,137,113** | **13,138,188** | **78,449,054** |
| Add: Other Income | 72,401 | 4,901 | 188,877 |
| **Total Revenue** | **132,138,485** | **13,143,089** | **78,637,931** |
| Personnel Expenses | (2,241,171) | - | (942,327) |
| Administrative Expenses | (1,421,894) | (156,630) | (313,670) |
| Depreciation and Amortization | (38,396,279) | (1,696,398) | (4,729,795) |
| **Profit before Finance Cost** | **90,079,141.26** | **11,290,061** | **72,652,139** |
| Finance Cost | (63,769,731) | - | (1,685,032) |
| **Profit/(loss) before Tax & Bonus** | **26,309,411** | **11,290,061** | **70,967,107** |
| Provision for Staff Bonus | - | - | - |
| **Profit/loss before tax** | **26,309,411** | **11,290,061** | **70,967,107** |
| Income Tax Expense | - | | |
| **Net profit/(loss) for the year** | **26,309,411** | **11,290,061** | **70,967,107** |

**Note:**
-Figures are regrouped and rearranged where necessary
-The Unaudited Financial figures are subject to change from external auditors and Regulatory Authority.

**(अनुसूची- १४, (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**
**आ.ब. २०८१/०८२को दोस्रो त्रैमासिक प्रतिवेदन**

**१. वित्तिय विवरण :**
- आ.व. २०८१/०८२ दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाबको वित्तिय विवरण यहि प्रतिवेदन संगै पेस गरीएको छ ।
- Construction Revenue लाई IFRIC १२ अनुसार गणना गरीएको छ। आयोजनाको ब्यापारिक उत्पादन २०८१/०७/२७ गते बाट सुरुभई ने.वि.प्रा. को केन्द्रिय लाइनमा जोडिएको छ। निर्धारित समय भित्र निर्माण सम्पन्न हुन ढिलाई भएको हुदा आयोजनाको अन्तिम लागतमा परिमार्जन हुने देखिएको छ ।
- आ.व २०८१/०८२ दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाबको आधारमा कम्पनीको प्रमुख वित्तिय अनुपात निम्नानुसार छ (प्रतिशेयर आम्दानी बार्षिकीकरण गरीएको)

| प्रतिशेयर आम्दानी | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | प्रतिशेयर नेटवर्थ | मूल्य आम्दानी अनुपात | तरलता अनुपात |
|---|---|---|---|---|
| २.७५ | ३६७.५५ | १३७.७६ | २४५.७० | ०.८२ |

**२. व्यवसायिक विश्लेषण :**
कम्पनीको व्यवसायिक योजना अनुरुप निर्माण भएको सेतीनदी हाइड्रोइलेक्ट्रीक परियोजनामा निर्माण सम्पन्न भैसकेर आयोजनाको ब्यापारिक उत्पालन २०८१/०७/२७ गते बाट सुरु भएको छ। अहिले साईटमा बांकि रहेका Finishing का कामहरु भैरहेका छन । यस त्रैमासिक अबधिमा नै आयोजनाको परिक्षणको कामपनी भएको हुदा आयोजना पूर्ण रुपमा सञ्चालन नभएको कारण आम्दानी केहि कम भएको जानकारी गराउदछौ । आगामि दिनमा अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनी आशावादी रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धि विवरण :**
यस त्रैमासिक अवधिमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संस्थाको शेयर कारोवार सम्बन्धि विवरण :**
यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम तथा अन्तिम मूल्य, कारोबार भएको कुलदिन, कारोबार संख्या र कारोबार भएको शेयर संख्या नेपाल स्टक एक्सेन्ज लि. को वेबसाईट अनुसार :

| अधिकतम मूल्य रु. | अन्तिममूल्य रु. | कारोबार संख्या | न्यूनतम मूल्य रु. | कारोबार दिन | कारोबार भएको शेयर संख्या |
|---|---|---|---|---|---|
| ७२२.०० | ६७६.०० | १७,३८८ | ५८०.०० | ५५ | १८,९५,१०३.०० |

**५. समस्या तथा चुनौती :**
आवस्यक मात्रामा दक्ष जनशक्तीको अभाव,वित्तिय समापनको समयमा निर्धारण भएको ब्याजदर घटबढ ,परियोजना स्थलभित्र भएका मेसिनमा आउन सक्ने समस्याहरुका साथै सुख्खायामको समयमा नदिमा जलप्रवाहमा कमि हुने हुदा आयोजनालाई पूर्ण रुपमा संचालन गर्न चुनौति रहेको छ। कम्पनीले यस आयोजनालाई राम्रोसंग संचालन गर्न आवस्यक कार्यहरु गर्दै जाने लक्ष्य लिएको छ ।

**६. संस्थागत सुशासन :**
कम्पनीले संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको छ। सुशासन संबन्धी निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरिएको छ , साथै यसलाई अझ सम्बृद्ध बनाउदै लैजान समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागु गर्दै आएको छ साथै प्रचलित कानून, नियामकिय निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरिक्षकको सुझाब अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु साथै म यो उद्घोष गर्दछु, की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू–सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

# 'सामाजिक सञ्जाल विधेयक संशोधन नभए आन्दोलन'



बुटवल । सामाजिक सञ्जालसम्बन्धी विधेयक व्यापक संशोधन गर्नुपर्ने माग गर्दै नभए देशव्यापी आन्दोलन उठ्ने सरोकारवालाले चेतावनी दिएका छन् ।

रुपन्देहीमा क्रियाशील नागरिक समाज, राजनीतिक दल र सामाजिक संघसंस्थाका प्रतिनिधिले संसद बैठक छलेर अध्यादेशबाट ल्याइएकाले प्रकृया र सरकारको नियतमाथि आशंका गर्दै सरोकारवालाबिच व्यापक छलफलको माग गरेका छन् ।

अध्यादेशमार्फत् सरकारले संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रताको मौलिक हक र प्रेस स्वतन्त्रताको मर्मविपरीत लाखौं जरिवाना र जेल सजायसम्मका नियन्त्रणमुखी कानुन बनाएर सत्ताको दुरुपयोग गर्न सक्ने खतरा रहेको मानव अधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोबिन्द खनालले बताए । समाजले विधेयक संशोधनका लागि प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तयारी गरेको जानकारी गराउँदै माग सम्बोधन नभए समाजको नेतृत्वमा देशव्यापी विरोध र शान्तिपूर्ण आन्दोलन हुने बताए ।

'सामाजिक सञ्जालको आवश्यकता, महत्व र उपयोगिता बढ्दै गएको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवअधिकार प्रतिकूलको कानून स्वीकार्य छैन,' खनालले भने-'देशभरका युवा पुस्ता र सचेत नागरिकले यसलाई स्वीकार गर्ने अवस्था छैन, सरकारले बेलैमा जनभावना बुझेर उनीहरुसँग छलफल गरेर मात्र अघि बढाउनुपर्छ, अन्यथा आन्दोलन उठ्छ ।'

नेकपा एमालेका युवा नेता देवराज पोखरेलले मुख्य दुई ठूला दलको गठबन्धन सरकारका काम कारबाहीबाट नागरिक असन्तुष्ट रहेका र जनस्तरमा आक्रोश बढेकाले त्यसबाट जोगिन अध्यादेश ल्याइएकाले यसको प्रकृया र नियत नै गलत भएको बताए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका सल्लाहकार विनोद परियारले सामाजिक सञ्जालसम्बन्धी विधेयक आवश्यक संवाद र परिमार्जन गरेर मात्रै संसद्बाट पारित गर्नुपर्ने बताए । विधेयकका कतिपय प्रावधान प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन र नियन्त्रण गर्ने खालका भएकोले स्वीकार्य नहुने नेपाल पत्रकार महासंघले यसअघि नै स्पष्ट पारेको उनले बताए ।

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा आघात पार्ने केही प्रावधान समावेश गरी विधेयक अगाडि बढाएकोमा महासंघको गम्भीर असहमति र आपत्ति छ,' परियारले भने-'महासंघलगायत सरोकारवाला पक्षसँग गहन छलफल गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने प्रावधानहरू सच्याएर मात्र विधेयक अगाडि बढाउन सकिन्छ, अन्यथा महासंघ पनि आन्दोलनमा उत्रिन्छ ।'

नेपाली कांग्रेसका नेता युवराज गिरी, कांग्रेसकै नेता हरि अर्याल, नेकपा माओवादी केन्द्रका नेता महेन्द्र भुसाल, नेपाल मजदुर किसान पार्टीका नेता हरिसुन्दर वासी, अग्रज पत्रकार डा. बालकृष्ण चापागाईं, नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष दिनेश पाण्डे, शान्ति समाज रुपन्देही अध्यक्ष अर्जुन ज्ञवाली, अधिकारकर्मी विष्णु भुसाल, पत्रकार श्याम पोखरेल, कृष्ण खनालले सामाजिक सञ्जाल नियमन आवश्यक रहेपनि १५ लाखसम्म जरिवाना र ५ वर्षसम्म जेल सजाय जस्ता प्रावधान हटाउनुपर्ने बताएका थिए ।

# प्रेस चौतारी नवलपुरको अध्यक्षमा डुम्रे



नवलपुर । प्रेस चौतारी नेपाल नवलपुरको सातौं जिल्ला अधिवेशनले तिर्थराज डुम्रेको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ ।

जसको उपाध्यक्षमा खगेन्द्र पराजुली, महिला उपाध्यक्षमा ज्ञानुमाया पंगेनी, सचिवमा राजु चापागाईं, कोषाध्यक्षमा साहित्य न्यौपाने, सह-सचिवमा लोकनाथ पंगेनी र समावेशी सह-सचिवमा खेमनारायण महतो सर्वसम्मत निर्वाचित भएको हुन् ।

त्यसैगरी सदस्यहरुमा प्रकाश रेग्मी, किरण गोतामे, युवराज खनाल, उत्सव बस्याल चयन भएका छन् ।

त्यस्तै केन्द्रिय परिषद् सदस्यहरुमा विना न्यौपाने, लालकुमार भट्टराई, बुद्धिसागर पोखेल, प्रदेश परिषद् सदस्यहरुमा सुरक्षा कंडेल, राम सुना र डा. नरनाथ पाण्डे चयन भएका हुन् ।

# उपाधि विजेता खेलाडीलाई प्यारामाउन्टको सम्मान



बुटवल । नेसनल हाइस्कुल च्याम्पियनसिप शीर्षकको राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको उपाधि विजेता आफ्ना खेलाडीलाई तिलोत्तमाको प्यारामाउन्ट बोर्डिङ हाईस्कुलले सम्मान गरेको छ ।

मंगलबार विद्यालयमा एक कार्यक्रमको आयोजना गरी विद्यालयका खेलाडीहरु र प्रशिक्षकहरुलाई सम्मान गर्दै नगर परिक्रमा समेत गराएको छ ।

कार्यक्रममा बोल्दै विद्यालयका अध्यक्ष पूर्णप्रसाद सापकोटाले रुपन्देही क्रिकेटको उर्वर भूमि भएको बताउँदै त्यसको लागि तिलोत्तमाको प्यारामाउन्टले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको बताए । उनले क्रिकेटमा प्यारामाउन्टले ठूलो लगानी गरेको उल्लेख गरे ।

संस्थापक प्राचार्य डा. दामोदर भुसालले राष्ट्रिय च्याम्पियन हुनु ठूलो गौरवको विषय भएको बताउँदै यसको खुशी साट्न खेलाडी विद्यार्थीलाई सम्मान र खेलाडीहरुलाई नगर परिक्रमा गराइएको जानकारी गराए ।

प्लस टू संयोजक लक्ष्मण अर्यालले विद्यालयको टिमले पहिलोपटक राष्ट्रियस्तरको प्रतियोगिता जित्न सफल भएको बताउँदै आगामी वर्षका खेलहरुमा पनि प्यारामाउन्टले नै उपाधि ल्याउने गरी तयारी थाल्ने बताएका थिए ।

टिम कोच वसन्त शाहीले आफूहरुका लागि यो ठूलो सफलता भएको बताए ।

शिक्षक विपिन खत्रीले कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई र्‍यालीमा लगिएको जानकारी दिए ।

ई-प्लानेट नेसनल हाई स्कुल टी टेन क्रिकेट च्याम्पियनसिपको प्रतियोगिताको फाइनलमा आस्था कलेजलाई ३८ रनले पराजित गर्दै प्यारामाउन्टले उपाधि जितेको थियो । उपाधिसहित प्यारामाउन्टले नगद १ लाख हजार रुपैयाँ नगद पुरस्कार पनि प्राप्त गरेको छ । यसअघि भएको लुम्बिनी प्रदेशस्तरीय छनोट प्रतियोगितामामा पनि प्रथम हुँदै प्यारामाउन्टले नगद ५० हजार रुपैयाँ हात परेको थियो ।

# वर्तमान सरकारले दम्भको राजनीति सुरु गर्‍योः त्रिपाठी



नवलपरासी । जनता प्रगतिशिल पार्टीका अध्यक्ष ह्यदेश त्रिपाठीले दुई दलिय वर्तमान सरकारले दम्भको राजनीति सुरु गरेको बताएका छन् ।

सरकार गठन हुँदा जनताले गरेको आशा र विश्वास अनुरुप सरकारले दिन प्रतिदिन काम नगरि दिन प्रतिदिन विवादपस्त निर्णय गरी दम्भको राजनीति सुरु गरको बताएका हुन् । सरकार गठन हुँदा जनताको देखिएको उत्साहलाई दुई दलले कुठराघात गरेको उनले बताए । आफूले समेत देशको परिस्थिति सुधारका लागि दुई ठूला दलको सरकार गठनको पक्षमा रहेकोमा सरकार गठनपछि सरकारले गरेका निणर्यले आफू पनि उदास भएको उनले बताए ।

आफ्नो गृह जिल्ला पश्चिम नवलपरासी आएका त्रिपाठीले पार्टीले मंगलबार परासीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त कुरा बताएका हुन् । पूर्वमन्त्री समेत रहेका त्रिपाठीले सरकारले संसद अधिवेशन नजिकिँदै गर्दा ल्याएका अध्यादेश छापामार सैलीमा ल्याएको आरोप लगाए । भूमिसम्बन्धी अध्यादेशले भूमिको हदबन्दीलाई छुट दिएको र सार्वजनिक सम्पतीको तहस नहस बनाउन खोजेको भूमिसम्बन्धी अध्यादेशले दिर्घकालिन असर पुर्‍याउने बताउँदै आफूले पाएको सूचनामा रुपन्देही, नवलपरासी, कैलाली, चितवन, झापालगायतका जिल्लामा चलखेल सुरु भएको समेत बताए ।

त्यस्तै काला बजारीसम्बन्धी अध्यादेशले २० प्रतिसत नाफा लिन पाउने प्रवधान हटाएर काला बजारीलाई प्रस्चय दिएको अध्यादेश नआउँदै सिमेन्टलगायतका उपभोक्ताका भाउहरु बढ्न थालेका बताए । अध्यक्ष त्रिपाठीले सरकारले हालै ल्याएको उर्को लगानीसम्बन्धी अध्यादेशले अर्न्थतन्त्र समाप्त गर्न खोजेको र विदेशी लगानीलाई निरुत्साहित गर्न लागेको बताए । सरकारले भ्रष्टाचारको सवालमा कठोर हुनुपर्नेमा एउटै प्रकृतिका कर्म गर्नेहरुलाई समेत पक्षपात गरेको उनले बताए ।

समग्रमा अहिलेको दुई दलीय सरकार जति शक्तिसाली छ, त्यसरी नै सुधारका काम गरेर प्रभावकारी हुनु पर्नेमा उनले जोड दिए । जनता प्रगतिशिल पार्टी अध्यक्ष त्रिपाठीले केही नेताहरुले देशलाई दुई दलीय प्राणलीमा लग्न अग्रसर देखिएको बताउँदै जुन बेला देश खतरामा हुँदा सात दल आवश्यक थियो, तर अहिले आएर संविधान संशोधनको कुरा गरेर देशलाई प्रतिगनतर्फ लग्ने सोच राखेको उनले जनाए । 'अहिलेको जनताले रगत बगाएर, लडेर ल्याएका हुन् न कुनै दुई दलका नेताले चन्दा, पुरस्कार र दानबाट प्राप्त नगरेको बताउदै अहिलेको व्यवस्था ल्याउन सबैले बलिदान दिएका हुन्,'उनले भने-'देशको अहिलेको संघीयता सही नभएर विकृति संघीयता हो । अहिलेको संघीयता कमजोर साधन स्रोतविहीन छ ।'

आफू धेरै दिन राजधानी बस्नुको कारण बताउँदै त्रिपाठीले आफूले मधेश केन्द्रित दलहरुबिच लुज नरम एलाईन्समा ल्याउने प्रयासमा रहेको बताए । अहिले ८ दलहरु निश्चित विषयमा सहकार्य गर्ने उद्देश्यका साथ अगाडि बढेको बताउँदै उनले आफूहरुको लुज फोरम कसैको विरुद्ध नभएको स्पस्ट पार्दै कोही सरकारमा जाने र सरकारबाट पछि हट्ने विषय नभएर केही एजेन्डामा एक हुने मात्र भएको बताए ।

# मणिमुकन्दको स्पोर्टस् मिटमा विभिन्न प्रतियोगिता

बुटवल । मणिमुकन्द कलेजद्वारा सञ्चालित स्पोर्टस् मिट अन्तर्गत दोस्रो दिन विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न भएका छन् ।

तिलोत्तमास्थित जनज्योति क्लबको खेल मैदानमा मंगलबार भएको क्रिकेट प्रतियोगितामा युवराज सोनार नेतृत्वको कक्षा १२ बिहानी समूह प्रथम भएको छ ।

अनुजखरेल नेतृत्वको कक्षा ११ दिवा समूह दोस्रो भएको छ । यस्तै फुटबल प्रतियोगितमा सुनिल राना नेतृत्वको कक्षा १२ बिहानी समूह प्रथम र रिज्वल पाण्डे नेतृत्वकोदिवा समुह द्वितीय भएको छ ।

छात्र भलिबल प्रतियोगितामा राजन रजाली नेतृत्वको कक्षा १२ बिहानी समूह प्रथम र एल्बिन छन्त्याल नेतृत्वका कक्षा ११ बिहानी समूह दोस्रो भएका छन् ।

छात्रा भलिबल प्रतियोगितामा प्राची विष्ट नेतृत्वको दिवा समूह प्रथम र सिमोन आले नेतृत्वको बिहानी समूह द्वितीय भएका छन् ।

टेबल टेनिस सिंगल प्रतियोगितामा कक्षा ११ की निशा खवास प्रथम र कक्षा १२ की आयुषा श्रेष्ठ द्वितीय भएका छन् ।

यस्तै छात्रातर्फको टेबलटेनिस डबल्स प्रतियोगितामा कक्षा १२ का आयुषा श्रेष्ठ र प्राची विष्टको टोली प्रथम भएको छ । छात्रतर्फको टेबल टेनिस सिंगल प्रतियोगितामा प्रथम कक्षा ११ को जीवन पन्थी, द्वितीय कक्षा ११को अनुज गैरे, तृतीय कक्षा १२ का एरिक सापकोटा र मधु राना भएका छन् ।

छात्रतर्फको टेबल टेनिस डबल्स प्रतियोगितामा प्रथम कक्षा ११ का जीवन पन्थी र बिराज पराजुली, द्वितीय कक्षा ११ का अनुज गैरे र मोहमम्द जैद र तृतीय कक्षा १२ का श्रवण गौतम र सक्षम पाण्डे भएका छन् । छात्रतर्फको चेस प्रतियोगितामा प्रथम कक्षा ११ को सिर्जन क्षेत्री, द्वितीय कक्षा ११ को अनुप थापा र तृतीय कक्षा १२ को विशाल बराई भएका छन् ।

तीन दिने स्पोर्टस् मिट बुधबार सकिने विद्यालयका प्राचार्य टुकबहादुर क्षेत्रीले बताए ।

# रूपन्देही सुपरलिगको उपाधि वेष्टर्न क्रिकेट क्लबलाई

भैरहवा । वेष्टर्न क्रिकेट क्लबले २३औं संस्करणको रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताको उपाधि चुमेको छ । मंगलबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सम्पन्न फाइनल खेलमा लुम्बिनी खुकुरी क्लबलाई ३९ रनले पराजित गर्दै वेष्टर्नले तेस्रोपटक सुपरलिगको उपाधि हात पारेको हो । उपाधिसँगै वेष्टर्नले नगद १ लाख १ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । उपविजेतामा चित्त बुझाएको लुम्बिनी खुकुरीले ५० हजार १ रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र हात पार्‍यो ।

सिद्धार्थ रंगशालामा टस जितेर ब्याटिङ गरेको वेष्टर्नले निर्धारित ४१ ओभरको खेलमा ४० ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर २ सय २५ रनको बलियो योगफल खडा गर्‍यो । उसका लागि नरेन साउदले ६६ रनको अर्धशतकीय पारी खेले । यस्तै, देव खनालले ४६, सन्देश थापाले २२, रन्जित खड्काले २१, निरकुमार गुप्ताले २० र भुवन पाण्डेले १४ रनको योगदान दिए । बलिङमा लुम्बिनी खुकुरीका अजयकुमार चौहानले ५, भुवन कार्कीले २ तथा दुर्गेश गुप्ता र सुप्रित घिमिरेले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको लुम्बिनी खुकुरी ३८ ओभरमा १ सय ८६ रन बनाउँदा अलआउट भयो । उसका लागि निश्चल चौधरीले ४३, भुवन कार्कीले २८, प्रज्ज्वल थापाले २३, समीर अलीले २१, अमर मिश्राले १६ र अजयकुमार चौहानले १० रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा वेष्टर्नका नरेन साउदले ४, देव खनाल र सुभाव थापाले २-२ तथा सन्देश थापाले १ विकेट लिए । फाइनलमा अलराउण्ड प्रदर्शन गरेका नरेन साउद म्यान अफ द फाइनल भइ एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहयोगमा सम्पन्न प्रतियोगितामा वेष्टर्नका देव खनाल म्यान अफ द सिरिज भइ १५ हजार रुपैयाँ पाए । यस्तै, वेष्टर्नका अभिशेष गौतम बेष्ट बलर, न्यु होराइजनका निश्चल ज्ञवाली बेष्ट ब्याटर र तिलोत्तमा क्रिकेट क्लबका सन्दीप यादव उदयीमान खेलाडी घोषित भए । उनीहरु तीनैजनाले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

विजेता र उपविजेता टिमलाई सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँ, संघका अध्यक्ष हरिबहादुर थापा, संस्थापक अध्यक्ष प्रेमकुमार सेन्चुरी, म्याच रेफ्री समीर खान, एभरेष्ट कत्था मिलका सञ्चालक बसन्तबहादुर रोक्का क्षेत्री, जयसवाल सेवा समितिका अध्यक्ष अमित गुप्ता, संघका सचिव सञ्जय गुरुङ, कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणलगायतले पुरस्कार वितरण गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com